सुदुरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय डडेल्धुरा

प.सं. २०८३/०८४

मिति: २०८३/०४/२१

च.नं. :-

ने.सं. ११४६, दिल्लागा अस्टमी

विषय:- काठ दाउरा लिलाम विक्री सम्बन्धि विस्तृत सूचना ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०८१/२०८२ को प्रदेश सरकारबाट प्राप्त वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्ला डडेल्धुरा आलिताल गाँउपालिका वडा नं. ८ मा रहेको गोदाम मौरी राष्ट्रिय वन क्षेत्रवाट नियमानुसार संकलन भई आलिताल सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी गरी राखीएको तथा राष्ट्रियस्तरको Allometric Equations तयार गर्दा हगुल्टे लेक राष्ट्रिय वन क्षेत्र गन्यापधुरा वडा न. १ मा आ.व. २०८२।०८३ मा उत्पादित काठ दाउराको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सिलबन्दि बोलपत्रद्धारा लिलाम विक्री गर्न मिति २०८३/४/२१ गतेमा गोरखापत्र राष्ट्रीय दैनिक पत्रिकामा प्रथम पटक २१ दिने सुचना प्रकाशित गरेकोमा ईच्छुक काठ/दाउरामा आधारित प्रचलित कानून वमोजिम दर्ता तथा नवीकरण भएका उद्योग, मु.अ.करमा दर्ता भएका काष्ठ व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले ले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालय वा वन निर्देशनालय धनगढी, कैलालीवाट प्रत्येक लटको छुटा छुट्टै वोलपत्र खरीद गरी २२ औं दिन कार्यालय समयभित्र माथि उल्लेखित निकायहरुमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरीएको छ । यस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

## तपसिल

१. वन पैदावारको विवरण

| रा.व. को नाम ठेगाना | लट नं. | जात | गोलिया थान | परिमाण | न्यूनतम मुल्य | संकलन। कटान मुछान आदी खर्च | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|
| गोदाम मौरी रा.व आलिताल ८ | १ | साल | ११५ | १०३१.९९ | ९१०००५.५० | प्रति क्यु फिट १०५.५३ र प्रति चट्टा १३२२०.०को दरले | आलिताल सव डि.व.का. परिसर |
| | २ | साल | ८२ | १०२५.६३ | ११२४२७५.५ | | |
| | | साल दाउरा चट्टा | | ०.५० | ६००० | | |
| | | जम्मा | | | ११३०२७५.५ | | |
| | ३ | साल | ११५ | १०४०.१२ | ९४५०४८ | | |

e-mail:- dfo.dadeldhura@sudurpashchim.gov.np

www.dfodadeldhura.gov.np

सुदुरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय डडेल्धुरा

| रा.व. को नाम ठेगाना | लट नं. | जात | गोलिया थान | परिमाण | न्यूनतम मुल्य | संकलन। कटान मुछान आदी खर्च | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|
| हगुल्टे लेक राष्ट्रिय वन क्षेत्र गन्यापधुरा वडा न. १ | ४ | अन्य (खर्सु, फिरफिरे, अंगेरी, लालिगुँरास) | ८४ | ६२६.१७ | ६२६१७.० | १८७५८.०१ | दाउरा घाटगद्दी स्थान साहुखर्क र काठको हकमा कटान भएको स्थान मै राखिएको |
| | ५ | अन्य दाउरा चट्टा | | १.४०५ | ५६२०.० | १९४३१.१५ | |

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति : सुचना प्रकाशित भएको मितिले २२ औ दिन भित्र ख) समय : कार्यालय समय भित्र ।

३. बोलपत्र डिभिजन वन कार्यालय, डडेल्धुरा वा वन निर्देशनालय, धनगढी, कैलालीबाट खरीद र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० % ले हुन आउने रकम रा.वा बैङ्मा, डडेल्धुरामा रहेको प्रदेश लेखा ईकाई कार्यालय, डडेल्धुराको नाममा रहेको धरौटी खाता नं. ४०२०१००२०२०३०००० ( डिभिजन वन कार्यालयको कोड नं. ३०७०२७५०१७ ) मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ६ महीना सम्मको म्याद भएको बैङ्क जमानत धरौटीको रुपमा पेश गर्न सकिने छ ।

५. बोलपत्र फाराम प्रति लटको नियमानसार ( रु ३००, वा रु. १००० वा २०००) पछि फिर्ता नहुने गरी तिरी यस कार्यालय वा वन निर्देशनालय धनगढी, कैलालीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र आलिताल सव डिभिजन वन कार्यालयको परिसर र गन्यापधुरा १ हगुल्टे सडक छेउमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक मूल्य अभिवृद्धि करमा दर्ता तथा नविकरण भएका काठ दाउरा कच्चा पदार्थको रुपमा प्रयोग गर्ने स-मिल भेनियर तथा प्लाईउड उद्योगहरुका प्रोपराईटरहरुले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (प.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

e-mail:- dfo.dadeldhura@sudurpashchim.gov.np

www.dfodadeldhura.gov.np

सुदुरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, डडेल्धुरा

८. निर्धारित न्युनतम मूल्यका र रितपुर्वक यस कार्यालयमा दर्ता हुन आएका वोलपत्रहरु र अन्य निकायमा दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्राप्त भए पछी नियमानुसार खोलिनेछ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ।

११. विक्री गरिने काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ।

१२. यो सूचना वमोजिम बोलपत्र सर्म्बन्धि सम्पूर्ण काम कारवाही कार्यान्वयन समय भित्र हुने छ र तोकिएको दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनमा हुनेछ।

१३. वोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका २०७३ बमोजिम हुनेछ।

१४. यस सम्बन्धी सूचना यस कार्यालयको वेवसाईट www.dfodadeldhura.gov.np मा हेर्न सकिनेछ।

१५. यस वाहेक अन्य कुरा प्रर्चलित कानून वमोजिम हुने छ।

ईति सम्वत २०८३ साल श्रावण महिना २१ गते ५ रोजमा शुभम।